विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक २७२ ♦ २०८१ साल असार १३ गते विहिवार ♦ 27 June 2024 ♦ पृष्ठ ४ ♦ मूल्य रु. ५ www.shirishnews.com

## जनकपुरधाम-अयोध्या रेल सेवा सञ्चालनको तयारी अन्तिम चरणमा



**खबर दर्पण समाचारदाता**

**असार १२ गते, महेन्द्रनगर**

मधेस प्रदेशको राजधानी जनकपुरधामबाट भारतको उत्तर प्रदेशस्थित अयोध्याका लागि रेल सेवा सञ्चालनको तयारी अन्तिम चरणमा रहेको छ। नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जन झाले सेवा सञ्चालनका लागि समय तालिका सार्वजनिक गरिएको र अब चाँडै कार्यान्वयनमा ल्याउने तयारी भएको बताउनुभयो ।

रेल सेवा प्रत्येक शनिबार दिनको १:३० बजे जनकपुरधामबाट खुल्ने र ४ बजे बिहान अयोध्या पुग्ने तथा सोही रेल साँझ ५ बजे अयोध्याबाट फर्किएर अर्को बिहान ७:३० बजे जनकपुरधाम पुग्ने गरी तालिका सार्वजनिक गरिएको उहाँले जानकारी दिनुभयो ।

“जनकपुरधाम-अयोध्या रेल सञ्चालनका लागि समय तालिका सार्वजनिक गरेका छौँ, अब सोहीअनुसार छिट्टै सेवा सुरु गर्ने तयारीमा छौं । उद्घाटनको समय तालिका मिलाउन लागिएको छ, समय मिल्नासाथ औपचारिक घोषणा गर्नेछौं ।” यहाँ वि.सं.२०७८ चैत २० गतेदेखि जयनगर-कुर्थासम्म र विगत एक वर्षदेखि महोत्तरीको भङ्याहासम्म रेल सञ्चालन भइरहेको छ । रासस

## औरहीमा कोदालो प्रहार गरी देवरले गरे भाउजुको हत्या



**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**असार १२ गते, महोत्तरी**

महोत्तरीमा कोदालो प्रहार गरी देवरले भाउजुको हत्या गरेको छ।

घर बनाउने विषयमा विवाद हुँदा देवरले भाउजुलाई कोदालोले प्रहार गरेका थिए । कोदालो प्रहारबाट गम्भिर घाइते भएकी भाउजुको मृत्यु भएको प्रहरीले जनाएको छ।

औरही नगरपालिका ४ कबिलासा निवासी अन्दाजी ४५ वर्षीय रामरतन यादवले ५० वर्षिया भाउजु रितादेवी यादवको टाउकोमा कोदालोले हिर्काउँदा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी सन्तुलालप्रसाद जयसवारले बताए।

कोदालोले हिकाउँदा गम्भीर घाइते भएकी रितादेवी यादवलाई उपचारको लागि रामगोपालपुर नगरपालिका ९ स्थित जानकी एकेडेमिक अस्पताल लगिएको थियो। तर अस्पताल पुगेपछि चिकित्सकले मृत्यु घोषणा गरे । हाल शव सोहि अस्पतालमा रहेको र पोष्टमार्टमको लागि जलेश्वर ल्याउने तयारी भइरहेको प्रहरी प्रवक्ता डिएसपी जयसवारले बताए।

कोदालो प्रहार गर्ने देवरलाई प्रहरीले नियन्त्रणमा लिएको छ। मृतक रितादेवीका श्रीमानको पहिले नै मृत्यु भैसकेको छ। उनि दुई छोरासंगै बस्दै आएकी थिइन्।

## पर्यटन क्षेत्रको विकासले मधेश सम्पन्न हुन्छ : मुख्यमन्त्री सिंह




**खबर दर्पण समाचारदाता**

**असार १२ गते, जनकपुरधाम**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेश प्रदेशको पर्यटन क्षेत्रको विकास भएमा समग्र प्रदेशको विकासमा कायापलट हुने धारणा राख्नुभएको छ ।

पर्यटन विकास कार्यालय वीरगञ्जले आयोजना गरेको सरोकारवाला सँगको अन्तर क्रिया एवं संवाद कार्यक्रममा मुख्यमन्त्री सिंहले पर्यटन क्षेत्रको विकास भएमा मधेश प्रदेशको आर्थिक तथा सामाजिक रूपमा कायापलट नै हुने धारणा राख्नुभयो ।

मधेश प्रदेशलाई आर्थिक समुन्नतिमा लैजाने मुख्य आधार को रूपमा पर्यटन क्षेत्र रहेको बताउँदै उहाँले भन्नुभयो, ‘‘मधेश प्रदेशलाई माथि उकास्ने

*बाँकी पृष्ठ २ मा*

## एसइई नतिजा आज सार्वजनिक हुँदै

**खबर दर्पण समाचारदाता**

**असार १२ गते, बर्दिवास**

माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा बिहीबार प्रकाशन हुने भएको छ ।

परीक्षा नियन्त्रक (कक्षा १०) का नन्दलाल पौडेलले एसइईको नतिजा बिहीबार बिहान १० बजेसम्म प्रकाशन हुने जानकारी दिनुभयो । उहाँका अनुसार भोलि बिहान ७ बजे बोर्ड बैठक बसेर नतिजा सार्वजनिक गर्ने तयारी भएको छ ।

यसअघि बुधबार नतिजा सार्वजनिक गर्ने तयारी राष्ट्रिय परीक्षा बोर्ड बैठक बसेको थियो । तर केही प्राविधिक तयारी नपुगेकाले बिहीबार मात्रै नतिजा सार्वजनिक गर्ने निर्णय भएको उहाँको भनाइ छ ।

गत चैत १५ देखि २७ गतेसम्म भएको एसइई परीक्षामा देशभर का पाँच लाख चार हजार ४१४ विद्यार्थी सहभागी थिए । बोर्डले यस वर्षदेखि लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक गर्नेछ । जसमा सैद्धान्तिक र आन्तरिकको मूल्यांकन फरक-फरक रूपमा गर्ने व्यवस्था छ ।


विद्यार्थीले सैद्धान्तिकतर्फ हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्छ । ७५ अंक को सैद्धान्तिक परीक्षा हुने विषयमा न्यूनतम २६.२५ अंक ल्याउनुपर्छ । त्यसमा आन्तरिकतर्फ २५ पूर्णांकको परीक्षामा भने ४० प्रतिशत अर्थात् १० अंक ल्याउनुपर्छ ।

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# ४०५ स्थानीय तहले ल्याएनन् बजेट, मधेशका सबैभन्दा बढी

**खबर दर्पण समाचारदाता**
**असार १२ गते, महेन्द्रनगर**




स्थानीय तहहरु वित्तीय अनुशासनमा निकै कमजोर देखिएका छन् । असार १० गतेभित्र बजेट ल्याइसक्नु पर्ने कानूनी व्यवस्थाअनुसार ४०५ स्थानीय तहले बजेट ल्याउन सकेनन् ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार ३४८ वटा स्थानीय तहले मात्र बजेट सार्वजनिक गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ को व्यवस्थाअनुसार असार १ गते प्रदेश र असार १० गतेभित्र स्थानीय तहले बजेट ल्याउनुपर्ने हुन्छ ।

हालसम्म कोशीका ५४, मधेशका ९०, बागमतीका ७१, गण्डकीका ४०, लुम्बिनीका ६०, कर्णालीका ३५ र सुदूरपश्चिमका ५५ स्थानीय तहले बजेट ल्याएका छैनन् । समयमै बजेट नल्याउनेमा मधेश प्रदेशका सबैभन्दा बढी स्थानीय तह छन् ।

संघले जेठ १५ भित्र बजेट ल्याउनुपर्ने प्रावधान छ । संघ, प्रदेश र स्थानीय तहको बजेट साउन १ गतेबाट कार्यान्वयनमा जान्छ ।

बजेट समयमा नल्याउँदा आगामी आवको बजेट कार्यान्वयनका लागि गर्नुपर्ने तयारीसमेत नपुग्ने विज्ञहरु बताउँछन् ।

# प्रजातान्त्रिक बिचार समाज धनुषाको अध्यक्षमा पत्रकार नवीन झा मनोनित

**खबर दर्पण समाचारदाता**
**असार १२ गते, महेन्द्रनगर**



प्रजातान्त्रिक बिचार समाज धनुषाको अध्यक्षमा पत्रकार नवीन झा मनोनित भएका छन । समाजको कन्द्रिय समितिले झालाई धनुषा अध्यक्षको जिम्मा दिदै मधेश प्रदेश भरी संगठन विस्तार गर्ने अख्तीयारी प्रदान गरेका छन । प्रजातान्त्रिक बिचार समाज नेपाली काग्रेस निकट बुद्धजिवीहरुको संगठन हो । यसले प्रजातान्त्रिक मुल्य र मान्यतामा आधार भएर विचार निर्माणमा सक्रिय रह्दै आएका छन ।

नेपाली काग्रेस निकट विभिन्न क्षेत्रका बुद्धिजिवीहरुको सक्रियतामा ०५२ सालमा संस्थापित यो समाजको केन्द्रिय अध्यक्ष अहिले वरिष्ठ पत्रकार कुलचन्द्र वाग्ले छन। समाजको सबै जिल्लाहरुको साथै देश वाहिर पनि संगठन रहेका छन। धनुषा शाखाका अध्यक्षको जिम्मा पाएका पत्रकार झा नेपाल प्रेस युनियनका केन्द्रिय सदस्य समेत हुन। झा नेपालका मुलधारको पत्रकारितामा विगत डेढ दशक यता सक्रिय छन । उनी कान्तिपुर दैनिक, हिमाल खवरपत्रिका, अन्नपुर्ण पोष्ट र नयां पत्रिकामा काम गरिसकेका छन ।

धनुषा शाखाको अध्यक्षको जिम्मा पाए पछि अव झाले आफनो नेतृत्वमा जिल्ला कमिटी निर्माण गर्नुको साथै मधेश प्रदेशका अन्य जिल्लाहरुमा समेत जिल्ला शाखाहरु गठन गर्ने छन । त्यसको साथै साथै बिचार समाजको व्यानरमा बैद्धिक विचार विमर्शहरु समेत संचालन गर्ने छन ।

# पर्यटन क्षेत्रको विकासले मधेश.................

भनेको नै पर्यटन क्षेत्रले हो, मधेश प्रदेश सरकारको एकल प्रयासले मात्र मधेशमा पर्यटनको विकास गर्न सम्भव छैन, त्यसैले सरोकारवाला सबै निकायले हातेमालो गरी अघि बढ्न जरुरी छ ।"

छिमेकी राष्ट्र भारतबाट भित्रिने धार्मिक पर्यटक सुविधा सम्पन्न बस्ने र खाने ठाउँ नहुँदा पूजा गरेर सोही दिन फर्किने गरेको बताउँदै मुख्यमन्त्री सिंहले निजी क्षेत्रले आवश्यक पूर्वाधार निर्माण गर्न सके उनीहरूले चाहेजस्तो बस्ने र खाने व्यवस्था भएमा धार्मिक पर्यटकको पूजा गरेर सोही दिन फर्कन सक्ने वातावरण बन्ने बताउनुभयो । प्रदेशको पश्चिममा पर्ने पर्सा राष्ट्रिय निकुञ्जलाई सौराहासँग जोडेर अनि पूर्वको कोशी टप्पु लक्षित गरी पर्यटक तान्न सकियो र पर्यटकलाई टिकाउन सकियो भने त्यसैगरी स्थानीय उत्पादनलाई प्रयोग गर्न सकियो भने मधेश प्रदेश नै आर्थिक समुन्नतिमा जाने विचार उहाँले व्यक्त गर्नुभयो ।

आवश्यकता र चाहना असीमित तर प्रदेश सरकारको बजेट सीमित भएकाले प्रदेश सरकार , स्थानीय तह र निजी क्षेत्र हातेमालो गरेर पर्यटन क्षेत्रको विकासमा अघि बढ्नु पर्ने, सार्वजनिक निजी साझेदारी मोडलमा पर्यटन क्षेत्रको विकास गरिनुपर्ने जनाउँदै मुख्यमन्त्री सिंहले डिजिटल पोर्टलमा मधेसका पर्यटकीय क्षेत्रको बारेमा सम्पूर्ण जानकारी राखिने बताउनुभयो ।

प्रदेशका उद्योग वाणिज्य तथा पर्यटनमन्त्री युवराज भट्टराईले घुमौं मधेश बुझौं मधेश भन्ने नारासाथ आर्थिक वर्ष २०८२ लाई भिजिट मधेश वर्षका रूपमा मनाउने तयारी गरिएको कार्यक्रममा जानकारी दिनुभयो ।

भारतीय पर्यटक आवागमनमा प्रहरीको चेकजाँचको समस्या, भारतीय मुद्रा लिएर हिँड्दा हुने समस्या सुल्झाउन सङ्घ सरकार सँग समन्वय भइरहेको मन्त्री भट्टराईले कार्यक्रममा बताउनुभयो ।

कार्यक्रममा प्रदेश सभा सदस्य जर्नादनसिंह क्षेत्री, श्याम पटेल, रहबर अन्सारी, मधेस विश्व विद्यालयका उपकुलपति दीपक शाक्य, होटल तथा पर्यटन व्यवसायी सङ्घ मधेशका अध्यक्ष मोहन शर्मा, पर्साको ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठ, महागढीमाई नगरपालिका प्रमुख उपेन्द्र यादव लगायतले मधेश प्रदेशमा पर्यटकीय सम्भावना र चुनौती बारेमा आफ्नो धारणा राख्नुभएको थियो ।

## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन-**आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कुम्भ-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# भारतले उपाधिको ११ वर्षे खडेरी यसपटक अन्त्य गर्ला ?

अपराजित रहँदै भारत यस पटक पनि आईसीसी टी-२० विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको छ । टोलीले फाइनल प्रवेशका लागि भोली इंग्ल्याण्डसँग खेल्दैछ ।

टोलीका लागि सन् २०१३ पछि यो ११औं आईसीसी प्रतियोगिता हो । र, टोलीले यसमा १०औं पटक नकआउट राउन्डमा स्थान बनाएको छ। तर, भारतले सन् २०१३ पछि आईसीसी ट्रफी जित्न सकेको छैन ।

सन् २००७ मा भारतले पहिलोपटक टी-२० विश्वकपको उपाधि जितेको थियो । जसमा भारतले फाइनलमा पाकिस्तानलाई ५ रनले हराएको थियो ।

यसपछि टोलीले थप ७ टी-२० विश्वकप खेलेको छ । जसमा टोली ३ पटक सेमिफाइनल र फाइनलसम्म नकआउट चरणमा पुगे पनि उपाधि जित्न सकेको छैन ।

सन् २०१४ मा भारतले सेमिफाइनलमा दक्षिण अफ्रिकालाई हराएको थियो तर , फाइनलमा श्रीलंकासँग पराजित भएको थियो ।

सन् २०१६ मा भारत घरेलु मैदानमा भएको प्रतियोगितामा नकआउट चरणमा पुगेको थियो तर, सेमिफाइनलमा वेस्ट इन्डिजसँग पराजित भयो ।

सन् २०२२ मा टोली अन्तिम पटक नकआउटमा पुगेको थियो तर, इंग्ल्याण्डसँग १० विकेटले पराजित भएको थियो। त्यसअघि सन् २००९, २०१०, २०१२ र २०२१ मा टोलीले समूह चरण पनि पार गर्न सकेन ।



अब यस ढाँचाको विश्वकपमा भारतले फेरि सेमिफाइनलको टिकट पक्का गरेको छ ।

## एकदिवसीय विश्वकप

भारतले पछिल्लो पटक सन् २०११ मा एकदिवसीय विश्वकपको उपाधि जितेको थियो ।

२८ वर्षअघि सन् १९८३ मा उक्त फर्म्याटको विश्वकपमा टोलीले पहिलो सफलता हात पारेको थियो। त्यसपछि टोलीले वेस्ट इन्डिजलाई र सन् २०११ मा श्रीलंकालाई हराएर उपाधि जितेको थियो ।

त्यसयता भारतले थप ३ पटक एकदिवसीय विश्वकप खेलेको छ, प्रत्येक पटक टोली नकआउट चरणमा पुग्यो तर, एकमा पनि उपाधि जित्न सकेन ।

सन् २०१५ मा भारतले क्वार्टर फाइनलमा बंगलादेशलाई हराएको थियो तर, सेमिफाइनलमा घरेलु टोली अष्ट्रेलियासँग पराजित भएको थियो ।

सन् २०१९ मा न्युजिल्यान्डले सेमिफाइनलमा भारतलाई हराएको थियो । सन् २०२३ मा भारतले सेमिफाइनलमा न्यूजील्याण्डलाई पराजित गर्यो तर, टोलीले फाइनलमा अष्ट्रेलियाविरूद्ध जित्न सकेन ।

## अन्तिम च्याम्पियन्स ट्रफी

भारतले सन् २००२ मा पहिलो पटक च्याम्पियन्स ट्रफीको उपाधि जितेको थियो तर, फाइनल निर्णायक हुन नसक्दा ट्रफी श्रीलंकासँग बाँड्नुपरेको थियो ।

यसपछि २०१३ मा घरेलु मैदानमा भएको फाइनलमा इङ्ल्यान्डलाई पराजित गर्दै टोलीले ट्रफी कब्जा गरेको थियो। पछिल्लो ११ वर्षमा भारतले जितेको यो नै अन्तिम आईसीसी ट्रफी हो ।

सन् २०१३ पछि सन् २०१७ मा मात्र च्याम्पियन्स ट्रफी प्रतियोगिता भयो । भारतले सेमिफाइनलमा बंगलादेशलाई हराएर लगातार दोस्रो पटक फाइनलमा प्रवेश गरेको थियो तर, पाकिस्तानसँग १८० रनको ठूलो हार व्यहोरेको थियो ।

यसपछि च्याम्पियन्स ट्रफी नभई अब सन् २०२५ मा पाकिस्तानमा प्रतियोगिता हुनेछ ।

विश्व टेस्ट च्याम्पियनसिपको दुवै फाइनलमा पराजित

आईसीसीले टेस्ट क्रिकेटलाई रोचक बनाउनको लागि विश्व टेस्ट च्याम्पियनसिपको सुरूवात गरेको हो। जसमा ९ टोलीले २ वर्षको अवधिमा ६-६ को द्विपक्षीय शृंखला खेल्छन् । अंक तालिकाको शीर्ष २ स्थानमा रहेका टोलीहरूबीच फाइनल खेल हुनेछ ।

विश्व टेस्ट च्याम्पियनसिपको फाइनल अहिलेसम्म दुई पटक मात्रै भएको छ, सन् २०२१ र २०२३ मा । भारत दुवै पटक फाइनलमा पुगेको थियो तर, दुवै पटक हारेको थियो ।

सन् २०२१ मा न्युजिल्याण्डसँग ८ विकेटले पराजित भएको थियो भने सन् २०२३ मा अस्ट्रेलियासँग २०९ रनले पराजित भएको थियो ।

## १० टूर्नामेंटमा पराजित

सन् २०१३ मा अन्तिम आईसीसी ट्रफी जितेर भारतले सन् २०२३ सम्म १० पटक सबै तीन ढाँचाहरूमा ९ आईसीसी टूर्नामेंटहरूमा भाग लियो । टोली ९ पटक नकआउट चरणमा पुगेको थियो भने एक पटक मात्र समूह चरणबाट बाहिरिएको थियो ।

भारतले ९ नकआउट चरणमा कुल १३ खेल खेलेको छ। टोलीले ९ मा हार र ४ मा मात्र विजयी भएको छ। भारतको ४ जितमध्ये ३ सेमिफाइनल र १ क्वाटर फाइनलमा थियो। यस अवधिमा भारतले ४ सेमिफाइनल र ५ फाइनलमा हार व्यहोरेको छ । अर्थात् भारतले अन्तिम चरणमा पुगेर पछिल्लो १० वर्षमा ५ पटक च्याम्पियन बन्ने मौका गुमाएको छ ।

## जित्न सकेन ट्रफी ?

आईसीसीका ११ वटा प्रतियोगितामा १० पटक नकआउट चरणमा पुग्दा एउटा कुरा प्रस्ट हुन्छ कि भारतीय टोली बलियो थियो । प्रत्येक पटक टोली ट्रफी जित्ने दावेदार भएपनि ट्रफी भने पाउन सकेको छैन। यस्तो हुनुमा दुईवटा कारण देखिन्छन्, पहिलो हारको डर र दोस्रो हो कप्तान। कारणहरू विस्तारमा बुझौं-

गुमाउने वा असफल हुने डर

हारको डर वा असफलताको डर भनेको यस्तो अवस्था हो जहाँ मानिसहरूले कुनै पनि निर्णय गर्दैनन्, जसमा हारको सम्भावना हुन्छ । तिनीहरू न नयाँ चीजहरू प्रयास गर्छन् न जोखिम लिन चाहन्छन् ।

खेल मनोवैज्ञानिक करणवीर सिंह र मानसिक प्रशिक्षक प्रकाश रावका अनुसार ठूला खेलमा दबाब हुन्छ । यदि खेलाडीहरूले खेललाई चुनौतीका रूपमा लिने हो भने सकारात्मक नतिजाको सम्भावना बढी हुन्छ।

यदि खेलाडीले खेललाई खतरको रूपमा लियो भने, यसले खेलमा नकारात्मक असर पार्छ। यसले पछिल्ला केही वर्षहरूमा आईसीसी प्रतियोगिताहरूमा टीम इण्डियामा प्रभाव पारेको थियो।

## कप्तान

एमएस धोनीको कप्तानीमा २००७ टी२० विश्वकप, २०११ ओडीआई विश्वकप र २०१३ च्याम्पियन्स ट्रफीको उपाधि जितेका थिए। कुनै पनि खेलमा आफ्नो ध्यान नतिजाभन्दा कार्य र प्रक्रियामा बढी हुने उनको विश्वास थियो ।

यसको मतलब उनले के गर्न सक्छन् भन्ने कुरामा ध्यान केन्द्रित गरेको र नतिजा के हुनेछ भनेर होइन। यही सोचका साथ उनले भारतका लागि ३ वटा आईसीसी ट्रफी जिते ।

यद्यपि, धोनीको कप्तानीमा भारतले पनि असफलताको सामना गर्यो तर, उनी ३ फरक आईसीसी ट्रफी जित्ने एक मात्र कप्तान हुन् । त्यसपछि भारतले विराट कोहली र रोहित शर्माको कप्तानीमा आईसीसीका सबै प्रतियोगिता खेले तर, कुनै पनि प्रतियोगितामा सफलता हात पार्न सकेन ।

के यसपटक भारतले उपाधिको खडेरी अन्त्य गर्ला ? त्यसका लागि केहीदिन प्रतिक्षा गरौं ।


-एजेन्सीको सहयोगमा


बर्दिवास मै पहिलो पटक

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौ।

**हाम्रा सेवाहरु:**

**लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**




जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा श्ाद्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# किराना पसलमा लागुऔषध बिक्री गर्ने महिला पक्राउ

**खबर दर्पण समाचारदाता**

**असार १२ गते, सिरहा**



घरमा रहेको किराना पसलमा प्रतिबन्धित लागुऔषध बिक्री गरिरहेको अवस्थामा प्रहरीले सिराहाको धनगढीमाई नगरपालिका- १ बाखर गाउँबाट एक महिलालाई पक्राउ गरेको छ। आफ्नै घरमा सञ्चालन गरेको किराना पसलमा लागुऔषध बिक्री-वितरण गरि रहेको गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरी टोलीले स्थानीय करिब ३५ वर्षीया विनादेवी यादवलाई पक्राउ गरेको हो ।

पक्राउ परेकी यादवको किराना पसल र घरको खानतलासीको क्रममा १०/१० थान प्रोमोथोजिन हाइड्रोक्लोराइड, डाइजिपाम र इप्पल इन्जेक्सन बरामद भएको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाले जानकारी दिए ।

उनका अनुसार पसलबाट नाइट्राभेट १० लेखिएको तीन सय २५ थान ट्याब्लेट, ३० थान सुई, ६ थान मोबाइल र नेपाली र भारतीय मुद्रा गरी सात हजार ९० रुपैयाँ बरामद भएको छ। पक्राउ परेकी यादवलाई धनगढी प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको उनले बताए ।

## ब्राउनसुगर सहित तीनजना पक्राउ

प्रहरीले सिराहाको दक्षिणी सीमावर्ती भगवानपुर गाउँपालिका- ४ ठाढी, मिर्चैया तथा बरियारपट्टिबाट ५० ग्राम १० मिलिग्राम कडा खालका मानिने प्रतिबन्धित लागुऔषध ब्राउनसुगरसहित तीनजनालाई पक्राउ गरेको छ ।

ठाढीबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेका लहान नगरपालिका- ८ का करिब १८ वर्षीय मनीषकुमार चौधरीलाई ५० ग्राम ब्राउनसुगर, मिर्चैया नगर पालिका- ६ मटियर्वाबाट मधेश प्रदेश- ०२-००७ प ८८७८ नम्बरको मोटर साइकल चढेका मिर्चैया- ९ सुन्दरपुरका करिब २५ वर्षीय सुन्दरकुमार महतोलाई १० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

त्यस्तै, बरियारपट्टि- ३ स्थित नेपाल-भारत सीमानाकाबाट सिराहा नगरपालिका- १ का करिब १७ वर्षीय रमेशकुमार ठाकुरले झोलामा लुकाएर ल्याएको ५०/५० थान प्रोमोथोजिन हाइड्रोक्लोराइड, बुप्रेनर्फिन र डाइजिपाम इन्जेक्सन बरामद भएकाले प्रहरी हिरासतमा राखेर थप अनुसन्धान भइरहेको छ ।

# ढल्केबर-इनरुवा प्रसारण लाइन सञ्चालनमा



**खबर दर्पण समाचारदाता**

**असार १२ गते, ढल्केवर**

विद्युत् प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन र नेपाल-भारतबीचको विद्युत् व्यापार विस्तारका लागि निर्माणाधीन हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी प्रसारण लाइनअन्तर्गत ढल्केबर-इनरुवा खण्ड सञ्चालनमा आएको छ। धनुषाको ढल्केबरबाट सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसनसम्मको एक सय ५४ किलोमिटर प्रसारण लाइन चार्ज गरी सञ्चालनमा ल्याइएको हो । ढल्केबर र इनरुवा चार सय केभी सबस्टेसनमा जोडेर प्रसारण लाइन चार्ज गरिएको छ ।

ढल्केबर-इनरुवा खण्ड सञ्चालनमा आएसँगै देशभित्र पहिलोपल्ट चार सय केभीबाट विद्युत् प्रसारण सुरु भएको छ। यसअघि ढल्केबर-मुजफ्फरपुर (भारत) अन्तरदेशीय प्रसारण लाइनबाट चार सय केभीमा विद्युत् आयात-निर्यात हुँदै आएको थियो । अब देशभित्रै चार सय केभी प्रसारण लाइनबाट विद्युत् प्रवाह सुरु गरिएको हो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ढल्केबर-इनरुवा खण्ड सञ्चालनमा आएसँगै कोशी प्रदेशका तराईका जिल्लामा विद्युत् आपूर्तिको भोल्टेज सुधार गर्न, समग्रमा देशको प्रसारण प्रणालीलाई गुणस्तर तथा विश्वसनीय बनाउन र नेपाल-भारतबीचको विद्युत् व्यापारको परिमाण वृद्धि गर्न महत्वपूर्ण उपलब्धि हासिल भएको बताउनुभयो। प्रसारण लाइनले करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सक्दछ ।

प्रसारण पूर्वाधार तयार नभएकाले हाल सञ्चालनमा रहेको ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट हुने विद्युत् आयात-निर्यात परिमाण अब बढाउन सकिने कार्यकारी निर्देशक घिसिङले जानकारी दिनुभयो। अहिले दुई देशबीच विद्युत् आयात निर्यात परिमाण आठ सय मेगावाट मात्र छ। उहाँले कोशी करिडोर हुँदै इनरुवा सबस्टेसनमा आएको विद्युतलाई त्यस क्षेत्रमा खपत गरी अतिरिक्त भएमा ढल्केबर-इनरुवा प्रसारण लाइनमार्फत ढल्केबर ल्याएर भारततर्फ निर्यात गर्न सकिने बताउनुभयो ।

मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ स्थित धानाभर्याङस्थित हेटौँडा सबस्टेसनबाट इनरुवा सबस्टेनसम्म दुई सय ८८ किलोमिटर प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो । प्रसारण लाइनलाई हेटौँडा-ढल्केबर एक सय ३४ किलोमिटर र ढल्केबर-इनरुवा एक सय ५४ किलोमिटर दुई खण्डमा विभाजन गरिएको छ । हेटौँडा-ढल्केबर खण्ड निर्माणाधीन छ। रासस


"स्वस्थ रहौं, खुसी र सुखी रहौं"

**स्वास्थ नै धन हो ।**

**स्वस्थ/निरोगी र दिर्घायु जिवनका लागि खानपान सम्बन्धि व्यवहारहरु ।**

१. हरेक दिन विभिन्न थरिका खानेकुराहरु खाने ।
२. हरेक दिन प्रयाप्त मात्रामा फलफूल र हरिया साग सब्जी खाने ।
३. हरेक दिन दाल र गेडागुडी खाने ।
४. माछा, मासु वा अण्डा नियमित रुपमा खाने ।
५. हरेक दिन दुध र दुधजन्य खानेकुराहरु खाने ।
६. खाना पकाउँदा तेल वा घ्यु थोरै मात्रामा प्रयोग गर्ने ।
७. स्वास्थ्यमा हानी पुऱ्याउने खाना सम्बन्धी अन्ध विश्वासबाट सावधान रहने ।
८. खानामा कम मात्रामा सधै आयोडिन युक्त नुन मात्र प्रयोग गर्ने ।
९. गुलिया र चिल्ला खानेकुरा कम मात्रामा खाने ।
१०. हरेक दिन ताजा र सफा खाना खाने र प्रयाप्त मात्रामा पानी पिउने ।
११. नियमित रुपमा शारीरिक व्याम गर्ने ।
१२. परम्परागत तथा स्थानीय स्तरमा पाईने पौष्टीक खाना खाने ।
१३. पौष्टिक तत्व कम भएका एवं बढि गुलिया, चिल्ला र नुनिला तयार पारेका खानेकुराहरु कम खाने ।
१४. मदिरा जन्य पेय पदार्थ उपभोग नगर्ने ।
१५. शिशुलाई प्रयाप्त मात्रमा स्तनपान गराउने ।
१६. शिशु ६ महिना पुरा भएपछी स्तनपानको साथसाथै थप खाना खुवाउने ।
१७. गर्भवती र स्तनपान गराउने आमाले थप पोषिला खानेकुराहरु खाने ।
१८. बढ्दो उमेरका किशोर किशोरीहरुले खानपान सम्बन्धि स्वस्थ बानी बसाल्ने ।
१९. जेष्ठ नागरिकको खानपानमा विशेष ध्यान दिने ।

**जिल्ला स्वास्थ्य कार्यालय धनुषा**

जनकपुरधाम







खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा